# ७ परमेश्वरको अगाडि इमान्दार तथा कर्तव्यपरायण हुनु

***यस अध्यायका मूल पदहरू:*** लूका १६:१०, लेबी २७:३०, उत्पत्ति २२:१-१२, हिब्रू १२:२, लूका ११:४२, हिब्रू ७:२-१० र नेहमिया १३।

***यस अध्यायको मूल सार पद:*** "तर असल जमिनमा पर्नेचाहिँ तिनीहरू हुन्, जसले **वचन सुनेर इमान्दार र असल हृदयमा त्यसलाई जोगाइराख्छन्, र धैर्यसाथ फल फलाउँछन्।" लूका ८:१५ रूपान्तरित।**

कर्तव्यपरायण तथा इमान्दार हृदय भनेको के हो? कुनै मानिस इमान्दारी छ भनेर कसरी प्रकट गरिन्छ? आधुनिक मानव संस्कारमा इमान्दार वा कर्तव्यपरायण हुनुको परिभाषा स्पष्ट छैन। समय र स्थान अनुसार मानिस इमान्दार भइन्छ भनेर घुमाउरो पाराले इमान्दारलाई व्याख्या गरिन्छ। प्रायजसो मानिसहरू बेला बेलामा बेइमान हुन्छ र त्यसले कसैलाई धेरै हानी गर्दैन भने त्यो ठीकै छ भनेर स्वीकार गरेको हुन्छ। फेरि कुनै खास परिस्थितिमा बेइमान हुनु मनासिव हुन्छ भनेर निर्दोष ठहऱ्याइन पुगेको हुन्छ।

सत्य र इमान्दार जहिले पनि सँगसँगै रहेको हुन्छ। तर यथार्थमा हामी इमान्दारतिर मन दिन जन्मेको हुँदैनौं। यो सिकिने नैतिक मूल्यमान्यता हो। कुनै मानिसलाई कुनै ढुकुटीको जिम्मा लगाइन्छ वा सञ्चिता (हिफाजत)गर्न खटिन्छ भने त्यो मानिसको मूख्य चरित्र नैतिकवान, इमान्दार हुनुपर्छ। त्यो सिकिने नैतिक गुण हो।

यदि हामी इमान्दार भयौं वा विश्वासिलो र भरपर्दो मानिस हुने गुण व्यवहारमा लागु गराइयो भने त्यसको नतिजा असल आउन सक्छ। उदाहरणमा, यदि इमान्दारसाथ चलियो भने कसैले पनि समात्छ भन्ने चिन्ता गर्नुपर्दैन न त कुनै ढाकछोप गर्नुपर्छ कि भनेर फिक्रि गर्नुपर्छ। यसले गर्दा इमान्दार हुनु व्यक्तिको अत्यन्त मूल्यवान स्वभाव हो। विशेष गरेर कठिन परिस्थितिमा सजिलैसँग बेइमान हुन मानिस लोभिन सक्छ। कतिपय समयमा त यो मौकाको फाइदा हो भनेर सत्यवादी हुन मानिसलाई बिर्साइदिएको हुन्छ।

यस अध्यायमा इमान्दारको आत्मिक पक्षलाई लिएर अध्ययन गर्नेछौं। दशांश भनेको के हो र कुनै पनि मानिस परमेश्वरलाई विश्वास गर्छु भनेर दावी गर्छ भने उहाँले उसलाई दिएको भौतिक आशिषलाई दंशासद्वारा उहाँलाई

जस दिनु किन अति महत्त्व छ भनेर यस अध्यायमा हेर्नेछौं। इमान्दार सञ्चितक (सञ्चयकर्ता) वा परमेश्वरको भण्डारेको प्रमुख गुण वा चरित्र दशांश दिने वा नदिनेबाट झल्काउँछ।

## १ केवल सरल इमान्दारको मामिला हो (लूका १६:१०)

कोही पनि बेइमान भएको कसैलाई पनि मनपर्दैन। यो सबैको साझा चाहना हो। विशेष गरेर अरूहरू बेइमान भएको हामी देख्न चाहँदैनौं। तर हामी आफैमा भएको बेइमानीपना देख्नचाहीँ सजिलो छैन। जब हामी बेइमान भएको महसुस गर्छौं तब त्यसबेला हामीहरूको कामलाई अनेक तर्क गर्दै ठीकै गरेको भनेर बहाना निकाल्छौं र अलिअलि बेइमान हुनु त्यति नराम्रो छैन भनेर इमान्दारिपनालाई एउटा कुनामा घचेटिदिन्छौं। यो त्यस्तो नराम्रो होइन, यो केवल सानो कुरो मात्र हो र त्यस्तो उल्लेखनीय छैन भनेर बेइमानलाई चोखो बनाउन खोज्छौं। हामीले हामीलाई वा अरूलाई कहिलेकाहीँ मूर्ख त बनाउला तर परमेश्वरबाट हामीहरूको नियतलाई लुकाउन सक्दैनौं।

"येशूलाई विश्वास गर्छु भन्ने जुनसुकै श्रेणीहरूमा रहेका इसाईहरू बेइमान हुने चरित्रलाई व्यवहारमा उतारिरहेका छन्। सत्यलाई पछ्याउँछु भनेर दावी गर्नेहरूमा छलकपट गर्ने नियत भएकोले गर्दा इसाईहरू न त चिसो छन् न त तातो छन्। तिनीहरू येशूसँग सम्पर्कमा हुँदैनन् र तिनीहरूले आफ्नो अनन्त जीवनसँग खेलबाड गरिरहेका हुन्छन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. ३१०बाट रूपान्तरित।

**सानोतिनो कुरामा पनि इमान्दारी वा कर्तव्यपरायण हुनु कतिको महत्त्वपूर्ण छ भनेर येशूले लूका १६:१०मा कसरी सिकाउन खोज्नुभएको छ? हेर्नुहोस्, "“जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ।" उहाँले यस वचन देहायको कथामा आधार गरेर भन्नुभएको थियो, "१ येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “कुनै धनी मानिसको एक जना व्यवस्थापक (वा सञ्चितक) थियो। त्यसले आफ्नो मालिकको धन-सम्पत्ति उड़ाइरहेको छ भन्ने अभियोग त्यसको विरुद्धमा लागेको थियो। २ तब मालिकले त्यसलाई बोलाएर भन्यो, ‘तेरो विषयमा म जे सुन्दैछु त्यो के हो? व्यवस्थापकको तेरो कामको हिसाब मलाई दे। अब उप्रान्त तँ व्यवस्थापक रहनेछैनस्।’ ३ “तब व्यवस्थापकले आफ्नो मनमनै भन्यो, ‘अब म के गरूँ, किनकि मेरा मालिकले**

मबाट व्यवस्थापकको काम खोस्न लागेका छन्। खनजोत गर्ने मेरो ताकत छैन, भीख माग्न मलाई लाज लाग्छ। ४ अब मैले के गर्नुपर्ने हो मैले सोचिसकेको छु। व्यवस्थापकको कामबाट निकालिएपछि मानिसहरूले मलाई तिनीहरूका घरमा कसरी स्वागत गर्नेछन् सो निश्चय गरेको छु।' ५ "तब त्यसले मालिकका ऋणीहरू एक-एकलाई बोलायो, र पहिलालाई भन्यो, 'तिमीलाई मालिकको ऋण कति छ?' ६ "उसले भन्यो, 'तीन हजार लिटर तेल।' "तब व्यवस्थापकले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ, र चाँड़ै बसेर पन्ध्र सय लिटर लेख।' ७ "त्यसपछि त्यसले अर्कालाई भन्यो, 'तिम्रो ऋण कति छ?'

"उसले भन्यो, 'तीन सय पचास क्विन्टल गहूँ।' त्यसले उसलाई भन्यो, 'तिम्रो तमसुक लेऊ, र तीन सय क्विन्टल लेख।' ८ "अब त्यसको मालिकले त्यस अधर्मी व्यवस्थापकको तारीफ गऱ्यो किनकि त्यसले चतुऱ्याइँसित काम गरेको थियो। किनकि यस संसारका मानिसहरू आफ्नै पुस्ताका अरू मानिसहरूसँग व्यवहार गर्दा ज्योतिका सन्तानभन्दा अझ बढ़ी चतुर हुन्छन्। ९ म तिमीहरूलाई भन्दछु, आफ्नो निम्ति संसारको धनले मित्रहरू बनाओ, र जब त्यो धन शेष हुन्छ, तब तिनीहरूले तिमीहरूलाई अनन्त वासस्थानमा स्वागत गरून्। १० *"जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ।* ११ *यसकारण तिमीहरू सांसारिक धनमा ईमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनको जिम्मा कसले देला?"* लूका १६:१-११।

हामीसँग भएका थोकहरू वा हामीलाई जिम्मा दिइएका बस्तुहरूको मामिलामा हामीलाई सजिलैसँग बेइमान गराउन सक्छ भन्ने कुरा परमेश्वरलाई थाहा छ। त्यसकारण हामीहरू हामीहरू इमानमा चलुन् र छलकपट होइन शुद्ध मन भएर एक आपसमा कारोबार गरुन्, स्वार्थीभएर बेइमान नबनुन् भनेर परमेश्वरले हामीहरूलाई एक प्रभावकारी र अचुक नीति वा बेइमानीलाई प्रतिकार गर्ने उपाय दिनुभएको छ।

त्यो के हो? हेर्नुहोस् देहायका पदहरू। हामीहरू सत्यवादी हुन वा इमान्दारी हुन ती पदहरूले हामीहरूलाई कसरी सिकाउन खोजेको छ? लेबी २७:३० " 'रूखहरूका फल वा जमिनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्।" र मलाकी ३:८ ""के कुनै मानिसले परमेश्वरलाई लुट्छ र? तापनि तिमीहरू मलाई लुट्दछौ।

**"तर तिमीहरू सोध्छौ, 'कसरी हामीले तपाईंलाई लुट्यौं र?' "दशांशको भेटीमा।"**

"परमेश्वरको आशिषले भरिपूर्ण भएको मानिसबाट उदार हुन कुनै आह्वान गरिएको छैन। सरल इमान्दारीपनकोमात्र अपेक्षा गरिएको छ। दशांश परमेश्वरको हो। उहाँको के हो सो उहाँलाई सुम्पिन उहाँले निर्देशन दिनुहुन्छ। यदि दैनिक कारोबारको जीवनमा इमान्दारी हुने नीति अत्यन्त महत्त्वपूर्ण छ भने के परमेश्वरप्रति पनि हामी इमान्दारि भएर आभारि हुनुपर्छ भनेर थाहा पाउनुपर्दैन र? परमेश्वरप्रति आभारि भएर उहाँको जे हो सो उहाँलाई नै सुम्पने नीतिले अरू सबै नीतिहरूलाई प्रभावित पार्दछ।"-एलेन जी ह्वाइट, एजुकेन, पृ. १३८,१३९बाट रूपान्तरित।

**जब तपाईंले दशांश दिनुहुन्छ तब तपाईंसँग जे छ आखिरमा त्यो सबै परमेश्वरको हो भनेर सम्झन तपाईंलाई कसरी सहयोग मिल्छ? हामीसँग जे छ सो कसको हो भनेर स्वीकार गर्न हामीले कहिल्यै पनि किन बिर्सनुहुन्न?**

## २. परमेश्वरप्रति आस्था वा विश्वासको जीवन (उत्पत्ति २२:१-१४)

**अब्राहमको विश्वास अर्थात् परमेश्वरमाथिको निष्ठाको वास्तविकता कस्तो रहेछ भनेर उत्पत्ति २२:१-१४ केलाएर पढ्नुहोस्: "१ केही समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीं छु।" २ उहाँले भन्नुभयो, "तिम्रो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि चढाऊ।" ३ अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँड़े। ४ तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, "तिमीहरू यहीं गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।" ६ अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए। यसरी ती दुवै जना सँगसँगै गए। ७ इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा।" तिनले भने, "के हो, छोरा?"**

त्यसले भन्यो, "यी आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" ८ अब्राहामले भने, "छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए। ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। १० तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए। ११ तर परमप्रभुका एउटा दूतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "म यहीं छु।" १२ उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठाऊ, र त्यसलाई केही नगर्नु। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखेनौ।" १३ अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। १४ यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ।"

विश्वास अर्थात् निष्ठाको जीवन जिन्दगीमा केवल एक पटक मात्र देखाउने प्रक्रिया होइन। केवल एक फेरा सबैको सामु देखाएर हामी बफादारी र निष्ठावान इसाई हौं र येशूको अनुग्रहले र उहाँको रगतले छोपिएका छौं भनेर हामीहरूले हामीहरूको विश्वास जोशिलो पाराले देखाउने होइन।

हजारौं वर्षपछि पनि सारा धर्मका संसारले परमेश्वरको निम्ति आफ्नो छोरो पनि त्याग्न तयार भएको कस्तो विश्वास अब्राहमको हो भनेर अझ पनि छक्क परिनै रहेका छन् (उत्पत्ति २२)। तर अब्राहमलाई विश्वास चाहिएकोले त्यो एक फेरामात्र नाटक गरेर देखाएको होइन। परमेश्वरको वचन चिन्ने खुबी भएर उहाँको वचन पालन गर्न सक्ने क्षमता अब्राहममा थियो र साथै निरन्तररूपमा विश्वासको जीवन पहिला नै बिताएकोले आफ्नो छोरालाई समेत बलि दिन उनी तयार भएका थिए। यदि बिगतको समयमा परमेश्वरलाई विश्वासघात गर्ने उनको बानी भएको भए वा परमेश्वरलाई शङ्का गरेर जीवन बिताएको भए त्यो परीक्षामा उनी कहिल्यै पनि सफल हुने थिएनन्। उपरोक्त घट्ना पछि पनि त्यस्तो खालको विश्वास भएको अब्राहमले परमेश्वरप्रति आस्थावान तथा निष्ठावान जीवन बिताएका थिए भन्नुमा कुनै प्रश्न छैन।

तर यहाँ के भन्न खोजिएको छ भने विश्वासलाई हृदयमा सञ्चिता (हिफाजत)गरिराख्नु भनेको केवल एक फेरामात्र विश्वासमा अडिग छु भनेर

देखाउने काम होइन। निष्ठावान जीवन कि त गहिरो र बलियो भएर बढ्दै जान्छ वा परमेश्वरप्रतिको विश्वासमा ढलफल भएर जिउने मानिस कमजोर र खोक्रो हुँदै जान्छ। त्यो विश्वास छ भनेर दावी गर्ने मानिसले कसरी व्यवहारमा उतार्छ त्यसमा भरपर्छ।

**साँच्चिकै भनौं भने पावलले हामीहरूको विश्वासको स्रोत को हो र कसरी त्यो विश्वासमा हामी रहि रहने भनेर हिब्रू १२:२मा हामीलाई स्पष्टरूपमा बताएका छन्। हेर्नुहोस्: "हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।"**

**यदि** विश्वासलाई हामीहरूले सञ्चिता (हिफाजत)नै गरिराख्न चाहन्छौं भने हामीहरूको विश्वासलाई सुरू गर्ने र अन्त गर्ने येशूमा हामीहरूको नजर राखिराख्नुपर्छ। सबै खालका बेइज्जत सहेर उहाँले खुशी साथ क्रुसका निष्ठुर यातना भोग्नुभएको थियो। उहाँ अहिले परमेश्वरको सिँहासनमा उहाँको दाहिने बाहुलीतर्फ बसिरहनुभएको छ (हिब्रू १२:२)। हामीहरूको विश्वासको अन्त गर्ने वा सिध्याउने भनेर नयाँ करारमा केवल एक पल्टमात्र यहाँ उल्लेख गरिएको छ र यसलाई हामीहरूको विश्वासलाई सिद्ध बनाउने भनेर पनि अनुवाद गर्न सकिन्छ। त्यसको अर्थ हामीहरूको विश्वासलाई परिपक्व र पूर्ण बनाउने येशूको चाहना हो भनेर हामीले सोच्नुपर्छ (हिब्रू ६:१,२)। त्यसकारण विश्वास वा विश्वासको जीवन भनेको प्रभावकारी र गतिशील जीवन हो। यो प्रगतिशील जीवन पनि हो किनभने विश्वास बढ्दै जान्छ, यो परिपक्व हुन्छ र वृद्धि हुँदै जान्छ।

**समय बित्दै जाँदा तपाईंको विश्वास कसरी बढ्दै गएको छ र परिपक्व हुँदैछ? वा भएको छै न कि?**

## ३. विश्वासको व्यक्तिगत घोषणापत्र (उत्पत्ति २८:१४-२२)

अगाडिको बुँदामा हामीले हेऱ्यौं कि विश्वास भनेको जोशिलो अनुभव हो तर एकै चोटि बढ्ने नभएर विस्तारै बढ्छ र परिपक्व हुँदै जान्छ। हामीहरूको विश्वासलाई परिपक्व बनाउन र पूर्णता दिन परमेश्वरले रच्नुभएको उपायहरूमा दशांश पनि एक हो। यदि ठीक किसिमले सोचियो भने परमेश्वरलाई फर्काउने दशांश चलन परम्परावादी वा रीतिरिवाजमा पर्दैन।

दशांश दिनु भनेको हामीहरूले परमेश्वरलाई खुशी पार्न र स्वर्ग जाने बाटो हामीले तयार गरिरहेका होइनौं। जब हामी दशांश दिन्छौं तब हामीले परमेश्वरमाथि पूरा आशा र भरोसा छ भनेर व्यक्तिगत घोषणापत्र जारि गरिरहेका हुन्छौं। दशांश दिँदा हामीले हामीहरूको विश्वास कतिको बलियो भएर चलिरहेको छ भनेर खुलारूपमा व्यक्तिगत अनुभव व्यक्त गरिरहेका हुन्छौं। जसले पनि परमेश्वरलाई विश्वास गर्छु भनेर दावी गर्न सक्छ। येशूलाई पनि विश्वास गर्छु भनेर मानिसहरूले स्वीकार्न सक्छन्। हामीहरूको आत्मिक जीवन केवल बिश्वासमात्र गरेर पुग्छ भने शैतानका दूतहरू वा राक्षसहरूले पनि परमेश्वरलाई विश्वास गर्छन् भनेर याकूबले भन्दछन् (याकूब २:१९)। तर हामीहरूले मेहनत गरेर कमाएको धनबाट दश प्रतिशत परमेश्वरको हो परमेश्वरलाई नै सुम्पिनुपर्छ भनेर व्यवहारमा उतारेर चल्नु भनेको विश्वासको काम हो।

**दशांश दिन रोक्नुहुन्न भनेर येशूले लूका ११:४२मा हामीलाई आभास् दिनुभएको छ। व्यवस्था पालन गर्नुपर्ने कर्तव्यहरूमा दशांश पनि एक हो भनेर कसरी त्यसलाई व्यवस्थासँग जोडिएको छ? हेर्नुहोस्ः " “तर तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू पुदीना, आरूद र हरेक जडीबुटीको दशांश दिन्छौ, तर न्याय र परमेश्वरका प्रेमको उपेक्षा गर्दछौ। तर अरू कामको पनि उपेक्षा नगरी यी काम पनि तिमीहरूले गर्नुपर्नेथियो।"**

परमेश्वरमा भर परेको देखाउन र येशू हामीहरूको मुक्तिदाता हुनुहुन्छ भन्ने प्रतिवद्धता नम्र भएर जनाएका छौं भनेर दशांशबाट व्यक्त गर्दछौं। हामीहरूलाई आशिष दिइएको छ भनेर दशांशद्वारा स्वीकार्छौं। अरू प्रतिज्ञाहरू र प्रत्येक आत्मिक आशिष येशूबाट नै आएको हो भनेर (एफिसी १:३) दशांशभेटीद्वारा हामी जनाउँछौं।

**जब परमेश्वरले याकूबलाई आशिष दिने प्रतिज्ञा गर्नुभएको थियो तब त्यसको जवाफमा उनले के वाचा गरेका थिए? हेर्नुहोस् उत्पत्ति २८:१४-२२ "१० बेर्शेबा छोड़ेर याकूब हारानतिर लागे। ११ कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताएको हुनाले तिनी त्यस रात त्यहीँ वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीँ पल्टे। १२ तिनले यस्तो सपना देखेः जमिनमा खड़ा गरिएको एउटा भऱ्याङ रहेछ, र त्यसको टुप्पाचाहिँ आकाशसम्मै पुगेको रहेछ र परमेश्वरका दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन्। १३ परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूबलाई**

**भन्नुभयो, "म परमप्रभु, तिम्रो पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ। जुन भूमिमा तिमी ढल्किरहेको छौ त्यो म तिमीलाई र तिम्रा सन्तानहरूलाई दिनेछु। १४ तिम्रा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तिमी जानेछौ। तिमी र तिम्रा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। १५ हेर, म तिमीसँग छु र तिमी जहाँसुकै गए तापनि तँलाई रक्षा गर्नेछु, र तिमीलाई यस ठाउँमा फर्काएर ल्याउनेछु। मैले तिमीलाई भनेको कुरा पूरा नगरुञ्जेल म तिमीलाई छोड्नेछैनँ।" १६ तब याकूब निद्राबाट ब्यूँझेर भने, "निश्चय नै यस ठाउँमा परमेश्वर हुनुहुँदोरहेछ, र यो मलाई थाहा थिएन।" १७ तिनी साह्रै डराए र तिनले भने, "यो ठाउँ कस्तो भययोग्य रहेछ। यो त परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ। यो त स्वर्गको ढोका पो रहेछ।" १८ याकूब बिहान सबेरै उठे, र आफूले सिरान बनाएको ढुङ्गा लिएर खामोजस्तै गरी खड़ा गरेर त्यसको टुप्पामा तेल खन्याए। १९ तिनले त्यस ठाउँको नाउँ बेथेल राखे। पहिले त्यस ठाउँको नाउँ लूज थियो।**

**२० तब याकूबले यसो भन्ने भाकल गरे, "यदि परमेश्वर मेरो साथमा रहनुभयो, मेरो यात्रामा मलाई रक्षा गर्नुभयो, मलाई खानलाई रोटी र लाउनलाई वस्त्र दिनुभयो, २१ अनि म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा आउन पाएँ भने, परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ। २२ र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ, र तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु।"**

"दशांशभेटी दिने चलन परमेश्वरले हामीलाई दिनुभएको एक सुन्दर प्रणाली हो। यो आफै सरल नीति हो र यसले परमेश्वरको सामु सबै बराबर छन् भनेर देखाउँदछ। विश्वास र साहसका साथ यसलाई पालन गर्न हामीहरूले प्रतिवद्धता जनाउनुपर्छ किनभने यसको सुरूवात परमेश्वरबाट नै भएको हो। यो सरल र व्यवहारिक छ। यसको बारेमा जान्न धेरै गहिरो अध्ययन गर्नुपर्दैन। यसको बारेमा राम्रोसँग थाहा पाएपछि मात्र दशांश दिन्छु भन्नुपर्दैन। यस प्रक्रियाले सबै जनाले यो भन्न सक्छौं कि परमेश्वरको काम अघि बढाउन वा मुक्तिको अमूल्य सुसमाचार सुनाउन मेरो पनि हात छ। प्रत्येक पुरुष, महिला, युवायुवतीहरू परमेश्वरको निम्ति ढुकुटी बन्न सक्छन् र त्यसबाट परमेश्वरको महान् कामको निम्ति स्रोत हुनसक्छ।"-एलेन जी ह्वाइट, काउन्सिल अन स्टुवार्डशिफ, पृ. ७३बाट रूपान्तरित।

**दशांश दिएर तपाईंले सत्यरूपमा आत्मिक आशिष पाउनुभएको छ के तपाईंले पत्ता लगाउनुभएको छ? दशांश दिएर तपाईंको विश्वास कसरी बढेको छ?**

## ४. इमान्दारीपूर्वक कमाइएको धनबाट दिएको दशांशः परमेश्वरको लागि पवित्र (हिब्रू ७:१-१०)

दशांश दिने बारेमा हामी प्रायजसो चर्चा गर्छौं। तर उहाँको आफ्नै सम्पत्तिलाई उहाँलाई कसरी फिर्ता गर्ने?

**दशांशको बारेमा दुई महत्त्वपूर्ण कुराहरू लेबी २७:३०मा उल्लेख गरिएको छ। ती के हुन्? हेर्नुहोस्ः "३० " 'रूखहरूका फल वा जमिनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्।"**

"दशांश परमेश्वरको हो, त्यसकारण त्यो पवित्र छ। हामीले भाकल गरेर वा समर्पण गरेर दिएकोले त्यो दशांश पवित्र भएको होइन। त्यसको स्वभावैले पवित्र छ किनकि यो परमेश्वर स्वयं आफै को हो। यो दशांशमा कसैको अधिकार छैन केवल परमेश्वरको मात्र। कसैले त्यो परमेश्वरको हो भनेर अर्पण गर्न सक्छ, किनभने दशांश कहिल्यै पनि कुनै व्यक्तिको व्यक्तिगत सम्पत्ति होइन।"-आन्जल मान्युयल रोड्रिगे, स्टुवार्डशिप रूटस् (सिलभर स्प्रिङ्ग, मेरिल्याण्डः स्टुवार्डशिप डिपार्टमेन्ट, १९९४) पृ. ५२बाट रूपान्तरित।

दशांशलाई हामीले पवित्र बनाउन सक्दैनौं। यो परमेश्वर आफैले खटाउनुभएको हो। त्यसलाई कसरी चलाउने भन्ने अधिकार केवल परमेश्वरसँग मात्र छ। परमेश्वरको भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने भएको हैशियतले उहाँको के हो त्यो उहाँलाई नै हामी फिर्ता दिन्छौं। कुनै विशेष कामको निम्ति दशांश अर्पण गरिएको हो। अरू कुनै काममा प्रयोग गर्दा त्यो बेइमान ठहर्छ। पवित्र दशांश दिने चलन कहिल्यै पनि तोड्नु हुन्न।

**पावलले हिब्रू ७:१-१०मा अब्राहमले परमेश्वरको मूल पुरोहित मेल्किसेदेकलाई दशांश दिएको उल्लेख गरेका छन्। त्यसमा दशांशको गहिरो अर्थ के लुकिएको छ? यथार्थमा अब्रहामले कसलाई दशांश दिएको हो? हेर्नुहोस्ः "१ यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कंदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए। २ यिनैलाई अब्राहामले सबै थोकको दशांश छुट्ट्याइदिए। यिनको**

**नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहिँ शालेमका राजा हुन्, अर्थात् शान्तिका राजा। ३ विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्‍वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्। ४ अब विचार गर त, यिनी कस्ता महान् पुरुष थिए, जसलाई अब्राहाम कुलपिताले पनि विजयमा हासिल गरेका थोकहरूको दशांश दिए? ५ पूजाहारी पदमा नियुक्त भएका लेवी वंशका मानिसहरूले आफ्नै दाजुभाइहरूबाट दशांश लिने आज्ञा व्यवस्थाबमोजिम पाएका थिए, यद्यपि तिनीहरू पनि अब्राहामकै सन्तान थिए। ६ तर लेवीका वंशावलीमा नपर्ने यिनै मानिसले अब्राहामबाट दशांश लिएका हुन्, र प्रतिज्ञाहरू पाउनेलाई नै यिनले आशीर्वाद दिएका हुन्। ७ यसमा विवाद गर्ने केही कुरै छैन, कि सानाले ठूलाबाट आशीर्वाद पाउँछ। ८ एकातिर मरणशील मानिसहरूले दशांश लिन्छन्, अर्कोतिर सदाकाल जीवित रहन्छन् भनी घोषणा गरिएका उनै एक जनाले सो लिन्छन्। ९ कसैले यो पनि भन्न सक्छ, कि दशांश पाउने लेवीले पनि अब्राहमद्वारा नै दशांश दिए। १० किनभने मल्कीसेदेकले अब्राहामलाई भेट्दा लेवी आफ्ना पिताको शरीरभित्रै थिए।"**

जसरी शाबथ पवित्र छ त्यसरी नै दशांश पवित्र छ। पवित्रको अर्थ पवित्र अर्थात् शुद्ध कामको निम्ति छुट्याइएको बस्तु हो। त्यस मामिलामा शाबथ र दशांश एक आपसमा जोडिएको छ। हप्ताको सातौं दिन हामी पवित्र भनेर अलग राख्छौं। दशांश पनि परमेश्‍वरको निजि पवित्र सम्पत्ति भएकोले त्यसलाई अलग राख्छौं।

"परमेश्‍वरले हप्ताको सातौं दिनलाई पवित्र बनाउनुभएको छ। समयको विशेष भाग धार्मिक आराधनाको निम्ति प्रयोग गर्न परमेश्‍वरले छुट्याउनुभएको हो। त्यो पवित्र दिन जुन सृष्टिको सुरूमा सृष्टिकर्ताले पवित्र गरेर अलग गर्नुभएको छ त्यो अहिले पनि जारि नै छ।

"त्यसरी नै हामीले कमाएको दशांश परमेश्‍वरको निम्ति पवित्र छ। जसरी शाबथलाई नयाँ करारलाई संशोधन गरिएको छैन त्यसरी नै दशांशलाई पनि संशोधन गरिएको छैन। दुवैको बैधानितालाई मानिसहरूले स्वत मानिआएका थिए। तिनीहरूको गहिरो आत्मिक अर्थ तिनीहरूबाटै व्याख्या गरिएको हुन्छ... परमेश्‍वरले आरक्षित गर्नुभएको उहाँको समयलाई हामीले गम्भिर भएर त्यसलाई मान्छौं। त्यसरी नै उहाँले दावी गर्नुभएको हामीबाट

आयआर्जन गरेको बस्तुबाट दिइने थोकलाई हामीले उहाँलाई नफर्कौं त?"- एलेन जी ह्वाइट, काउन्सिल अन स्टुवार्डशिप, पृ. ६६बाट रूपान्तरित।

**तपाईंले दिने दशांश पवित्र हो भनेर तपाईंको दिमागमा महसुस गराउन र जगाइ राख्न तपाईंले के गर्नुपर्छ?**

## ५. पुनर्जागरण, सुधार र दशांश दिने प्रक्रिया (नेहमिया ९:१-३)

यहूदा कुलको निम्ति राजा हिजकियाको लामो शासनकाल स्वर्ण युग जस्तो भएको मानिएको छ। राजा दाउद र सोलोमनको शासनकालपछि इस्राएलीहरूले परमेश्वरको ठूलो आशिष त्यसरी पाएका थिएनन्। २ इतिहास २९-३१ अध्यायसम्म हिजियाको शासनमा इस्राएलीहरूमा ठूलो पुनर्जागरण र सुधार आएको लेखा राखिएको छ। त्यसको मूल कारण होः "उनले जे गरे त्यो परमेश्वरको आँखामा ठीक गरेका थिए" (२ इतिहास २९:२ रूपान्तरित)। भनिएको छ, "परमेश्वरको घरलाई व्यवस्थित ढङ्गले व्यवस्थापन गरिएको थियो" (२ राजा २९:३५ रुपान्तरित)। निस्तार चाड पुन पालन गरिएको थियो (२ इतिहास ३०:५)। यरुशलेममा ठूलो हर्ष र उल्लास छाएको थियो (२ इतिहस ३०:२६ रूपान्तरित)। विधर्मी अर्थात् मूर्तिपूजकहरूले स्थापना गरेका मूर्तिहरू, नरबली दिने जस्ता बेदीहरू र पहाडको टुप्पोमा वा अल्गो अल्गो ठाउँहरूमा विभिन्न देवतालाई पूजा गर्ने स्थलहरूलाई भत्काइएको थियो (२ इतिहास ३१:१)। अचानक हृदयमा इस्राएलीहरूको हृदयमा पुनर्जागरण छाएको थियो र आफ्ना नराम्रा चलनहरूलाई सुधार गरेर आफ्ना जीवनहरूलाई परिवर्तन गरेका थिए। त्यसको फलस्वरुप दशांश र भेटीहरू थुप्रै उठाउन पुगेका थिए (२ इतिहास ३१:४,५, १२ रूपान्तरित)।

**अगमवक्ता नेहमियाको कदम पुनर्जागरण, सुधार र दशांशको अर्को उदाहरण भएको हामी पाउँछौं। नेहमिया ९:१-३मा हृदयमा आएको पुनर्जागरण यसरी लेखिएको छ तर त्यसको अर्थ के हो? हेर्नुहोस्ः "१ त्यही महिनाको चौबीसौं दिनमा इस्राएलीहरू भाङ्ग्रा लगाई आ-आफ्नो शिरमा धूलो हालेर उपवासको निम्ति भेला भए। २ इस्राएली वंशकाहरूले सबै विदेशीहरूबाट आफूलाई अलग गरेका थिए। तिनीहरू खड़ा भई आफ्ना पाप र आफ्ना पुर्खाहरूको अधर्म स्वीकार गरे। ३ तिनीहरू आ-आफ्नो स्थानमा खड़ा भए र पहिलो एक पहरचाहिँ परमप्रभु तिनीहरूका परमेश्वरका व्यवस्थाको पुस्तक पढ़े।**

अनि तिनीहरूले अर्को एक पहरचाहिँ आ-आफ्ना पापको स्वीकार गर्दै परमप्रभु आफ्ना परमेश्वरको आराधना गर्दैरहे।" नेहमिया १३:४मा नेहमियाले परमेश्वरको घरमा सुधार ल्याएका थिए र त्यसको फलस्वरुप तिनीहरूले के ल्याएका थिए भनेर नेहमिया १३:१२ले बताउँछ? हेर्नुहोस् नेहमिया पूरै १३ अध्याय "१ त्यस दिन जनताको सामुन्ने मोशाको पुस्तक पढ़ेको बेलामा यस्तो कुरा लेखिएको भेट्टाइयो, कि कुनै पनि अम्मोनी अथवा मोआबी परमेश्वरको सभामा कहिल्यै पस्न पाउनेछैन। २ किनभने उनीहरू रोटी र पानी लिएर इस्राएलीहरूसित भेट गर्न आएनन्, तर तिनीहरूलाई सराप दिन बालामलाई ज्यालामा बोलाएका थिए। तापनि हाम्रा परमेश्वरले त्यस सरापलाई आशिष्मा परिवर्तन गरिदिनुभएको थियो। ३ मानिसहरूले त्यो व्यवस्था सुनेर सबै पराई वंशका सन्तानलाई इस्राएलबाट अलग गराए। ४ यो हुनुभन्दा पहिले नै पूजाहारी एल्यासीब हाम्रा परमेश्वरका भवनको भण्डारका अधिकारी नियुक्त भएका थिए। तिनको तोबियासँग घनिष्ठ सम्बन्ध थियो। ५ तिनले उनलाई पहिले अन्नबलि, धूपहरू, मन्दिरका भाँड़ाहरू अनि लेवीहरू, गवैयाहरू र द्वारपालहरूका निम्ति तोकिएका अन्नको दशौं अंश, नयाँ दाखमद्य र तेल तथा पूजाहारीहरूका निम्ति दान राख्ने एउटा ठूलो कोठा दिएका थिए। ६ तर यी सबै भइरहेको बेला मचाहिँ यरूशलेममा थिइनँ, किनभने बेबिलोनका राजा अर्तासास्तको बत्तीसौं वर्षमा म राजाकहाँ फर्केको थिएँ। केही समयपछि यरूशलेममा फर्किजानलाई मैले उहाँको अनुमति मागें, ७ र यरूशलेममा फकेंर्। त्यसपछि तोबियाको निम्ति परमप्रभुको भवनका चोकहरूमा एउटा कोठा दिएर एल्यासीबले गरेको खराब कुरो मैले थाहा पाएँ। ८ म साह्रै अप्रसन्न भएँ। मैले त्यस कोठाबाट तोबियाका सबै सामानहरू फालिदिएँ। ९ ती कोठाहरूलाई शुद्ध गरेर परमप्रभुको भवनका भाँड़ाहरू, अन्नबलि र धूपहरूसमेत तिनमा फेरि राख्न मैले आदेश दिएँ। १० लेवीहरूले आफ्ना भागहरू पाएका रहेनछन् भन्ने कुरा पनि मैले थाहा पाएँ। यसैले मन्दिरका सेवाको जिम्मा लिने लेवीहरू र गवैयाहरू सबै आ-आफ्ना गाउँहरूमा फर्केछन् भन्ने पनि मैले सुनें। ११ यसैकारण मैले अधिकारीहरूलाई हप्काएर प्रश्न गरें, "परमेश्वरका भवनको किन अवहेलना भएको छ?" अनि मैले ती मानिसहरूलाई बोलाएर फेरि तिनीहरूकै स्थानमा नियुक्त गरें। *१२ त्यसपछि सबै यहूदाले अन्नका आफ्ना दशौं अंश, नयाँ दाखमद्य र तेल भण्डारमा ल्याए।* १३ मैले पूजाहारी शेलेम्याह, शास्त्री सादोक र पदायाह नाउँ गरेका एक जना लेवीलाई भण्डारका जिम्मावाल नियुक्त गरें, र

जक्कूरका छोरा, मत्तन्याहका नाति हानानलाई तिनीहरूका सहायक नियुक्त गरें।
किनभने तिनीहरू विश्वासी मानिसहरू गनिएका थिए। तिनीहरूको कामचाहिँ
आफ्ना दाजुभाइहरूका भाग वितरण गर्नु थियो। १४ हे परमेश्वर, यसको
निम्ति मेरो सम्झना राख्नुहोस्, र मैले भक्तिसाथ मेरा परमेश्वरका भवनको र
त्यसको सेवाको निम्ति गरेको काम नमेटाइदिनुहोस्। १५ त्यस बेला यहूदामा
मानिसहरूले शबाथमा कोल पेलिरहेका, र खेतको अन्न जम्मा गरेर दाखमद्य,
दाख, नेभारा र सबै किसिमका भारी गधामा राख्दैगरेका मैले देखें। उनीहरूले यी
सबै थोक शबाथमा यरूशलेममा ल्याउने गर्थे। त्यसैले त्यस दिनमा खाने कुरा
बेचेको विरोधमा मैले तिनीहरूलाई चेताउनी दिएँ। १६ यरूशलेममा बसोबास
गर्ने टुरोसका मानिसहरूले पनि माछा र अरू सबै किसिमका व्यापारका मालहरू
ल्याएर शबाथमा यहूदाका मानिसहरूलाई यरूशलेममा बेच्दारहेछन्। १७
यहूदाका भारदारहरूलाई हप्काएर मैले भनें, "यस्तो दुष्ट चाल चलेर तिमीहरूले
शबाथलाई अपवित्र गर्नुको अर्थ के हो? १८ के तिमीहरूका पुर्खाहरूले पनि ठीक
यस्तै काम गरेका हुनाले हाम्रा परमेश्वरले हामी र यस सहरमाथि यो विपत्ति
ल्याउनुभएको होइन र? अब तिमीहरूले शबाथलाई अपवित्र पारेर झन्
परमप्रभुको क्रोध जगाउँदैछौ।" १९ शबाथका तयारीको निम्ति यरूशलेमका
मूल ढोकाहरूमा साँझको छाया परेपछि प्रवेश-द्वारहरू थुन्नू र शबाथ
नसिद्धिञ्जेल नखोल्नू भनी मैले आज्ञा गरें। शबाथमा कुनै पनि भारी भित्र लान
नपाओस् भनेर मेरा कोही मानिसहरूलाई मूल ढोकाको जिम्मामा नियुक्त गरें।
२० एक-दुई पल्ट व्यापारीहरू र सबै किसिमका सामान ल्याउने पैकारीहरूले
यरूशलेमको बाहिर रात बिताए। २१ तर मैले तिनीहरूलाई यसो भनेर चेताउनी
दिएँ, "तिमीहरू किन सहरको पर्खालकै सामुन्ने रात बिताउँछौ? यदि तिमीहरूले
फेरि यसो गर्‍यौ भने म तिमीहरूको विरुद्धमा कड़ा कारबाई गर्नेछु।" त्यसपछि
तिनीहरू फेरि कहिल्यै शबाथमा आएनन्। २२ अनि शबाथ-दिन पवित्र राख्न
भनी मैले ती लेवीहरूलाई तिनीहरूले आफूलाई शुद्ध गरी मूल ढोकामा पहरा
दिनू भन्ने आज्ञा गरें। हे मेरा परमेश्वर, यो पनि मेरो निम्ति सम्झना रहोस्, र
तपाईंको महान् प्रेममा आफ्नो कृपा ममाथि रहोस्। २३ त्यस बेला पनि कुनै-
कुनै यहूदाका मानिसहरूले अश्दोद, अम्मोन र मोआबका स्त्रीहरूलाई विवाह
गरेका मैले भेट्टाएँ। २४ तिनीहरूका बालकहरूमध्ये आधा अश्दोदी भाषा बोल्थे
अथवा अरू मानिसहरूको भाषा बोल्थे, र तिनीहरू यहूदाको भाषा बोल्न
जान्दैनथे। २५ मैले तिनीहरूलाई हप्काएँ र सराप दिएँ। मैले कुनै-कुनै

**मानिसहरूलाई पिटें र जगल्टयाएँ। मैले यसो भनेर परमेश्वरको नाउँमा तिनीहरूलाई शपथ खान लाएँ, "तिमीहरू आफ्ना छोरीहरू उनीहरूका छोराहरूसित विवाह गरिदिनेछैनौ, अथवा उनीहरूका कुनै पनि छोरीहरू तिम्रा छोराहरूसित वा तिमीहरू आफै विवाह गर्नेछैनौ। २६ के यस्तै स्त्रीहरूको कारण इस्राएलका राजा सोलोमनले पाप गरेका थिएनन्? समस्त जातिहरूमा तिनीजस्तै अरू कुनै राजा थिएनन्। तिनलाई आफ्ना परमेश्वरले प्रेम गर्नुभएको थियो, र परमेश्वरले तिनलाई सम्पूर्ण इस्राएलमाथि राजा तुल्याउनुभएको थियो। तापनि विदेशी स्त्रीहरूले नै तिनलाई पाप गर्न लाए। २७ अहिले पनि हामीहरूले यो सुन्नुपर्छ कि तिमीहरूले पनि विदेशी स्त्रीहरूलाई विवाह गरी यो घोर अपराध गरेर हाम्रा परमेश्वरसितको विश्वास तिमीहरू तोड्दैछौ?" २८ प्रधान पूजाहारी एल्यासीबका छोरा योयादाको एक जना छोराले होरोनी सन्बलतकी एउटी छोरीलाई विवाह गरेको रहेछ। यसैकारण मैले त्यसलाई मेरो सामुबाट निकालिदिएँ। २९ हे परमेश्वर, तिनीहरूले पूजाहारी पदलाई र पूजाहारीगिरी र लेवीहरूको करारलाई अपवित्र गरेकामा तिनीहरूको सम्झना रहोस् ३० यसरी मैले पूजाहारीहरू र लेवीहरूलाई हरेक विदेशी कुराबाट शुद्ध गरें, र तिनीहरूलाई आ-आफ्नो काममा नियुक्त गरें। ३१ ठहरिएको समयमा दाउराको दान ल्याउने र अगौटे फलको निम्ति पनि मैले व्यवस्था मिलाइदिएँ। हे परमेश्वर, तपाईंको निगाहमा मेरो सम्झना रहोस्।"**

"पुनर्जागरण वा पुनर्जीवन र सुधार दुई फरक कुराहरू हुन्। पुनर्जागरणले आत्मिक जीवनमा नयाँ परिवर्तन आएको देखाउँछ। त्यसले दिमाग र हृदयको शक्तिलाई नयाँ गति तथा नयाँ जीवन दिन्छ। आत्मिक मृत्युबाट त्यो पुनर्जीवित भएको प्रमाण हो। सुधार भनेको आफ्नो जीवनलाई सुव्यवस्थित गर्नु हो यो आफूले मानिआएका धारणा, तर्क, विभिन्न वादहरू, आनिबानी र चलनलाई परिवर्तन गर्ने प्रक्रियालाई सुधार भनिन्छ।"-एलेन जी ह्वाइट, क्रिश्चियन सर्भिस्, पृ. ४२बाट रूपान्तरित।

पुनर्जागरण, सुधार वा आफ्नो आचरणमा आमूल परिवर्तन ल्याउनु र दशांशको बीचमा स्वत सम्बन्ध हुन्छ। दशांश नदिइकन केवल पुनर्जागण र सुधार हुनु भनेको मनतातो स्थितिमा रहनु हो वा केही समयमै नव जागरणको जोश सेलाएर जान्छ। परमेश्वरको काममा सक्रिय भएर उहाँको पक्षमा उभिनुभन्दा कतिपय इसाईहरू केवल तमाशामात्र हेरेर बसेका हुन्छन्। सही पुनर्जागरण र सुधारले समर्पणता वा वचनवद्धताको माग गर्दछ। दशांश त्यो

वचनवद्धताको एक भाग हो। यदि परमेश्वरलाई दिनुपर्ने कुरालाई हामीले लुकाएर राख्यौं भने उहाँबाट आशिष पाउन हामीले अपेक्षा गर्न नैतिकताले नदिने कुरो हो।

सही पुनर्जागरण र सुधार चर्चमा हुन्छ, चर्चभन्दा बाहिर होइन (भजन ८५:६)। हामीहरूको जीवनमा पुनर्जागरण हुन परमेश्वरसँग माग्नुपर्छ (भजन ८०:१९) र प्रभुलाई पहिला ग्रहण गरेको बेलामा हामीहरूको जीवन कसरी सुधारिएको थियो त्यही किसिमको सुधारको निम्ति परमेश्वरसँग चाहना गर्नुपर्छ (प्रकाश २:५ रूपान्तरित)। हामीले के राख्ने र परमेश्वरलाई के फर्काउने त्यस मामिलालाई लिएर हामीमा सुधार हुनै पर्छ।

हामीले जे काम गर्छौं त्यसले हामीलाई फरक पार्ने होइन तर हामीहरूको दिमाग र मनको निर्णयले यो देखाउँछ कि हामीमा सुधार आएको छ र त्यसमा हामी वचनवद्ध छौं। त्यसले गर्दा हामीहरूको विश्वास बढ्छ, हामीहरूको आत्मिक दर्शनलाई तिखो पार्छ र हामीहरू इमान्दारपूर्वक चल्न कटिवद्ध हुन्छौं।

## उपसंहार

**थप जानकारीः** मानिसहरूसँग गर्नुभएको करार वा सम्झौताहरूको सुरू परमेश्वरले नै गर्नुभएको थियो। ती कराहरूतिर परमेश्वरका जनहरूलाई आकर्षित गराउन ती करारहरूले नै अग्रणी भूमिका खेलेको थियो (हिब्रू ८:१०)। परमेश्वरले करारद्वारा गर्नुभएको प्रतिज्ञाहरूले उहाँको अनुग्रह, प्रेम र हामीलाई उद्धार गर्ने उहाँको चाहनाको प्रतिनिधित्व गर्दछ।

**परमेश्वरसँग बाँधिएको** करारमा धेरै कुराहरू समावेश भएको हुन्छः परमेश्वर, उहाँको करारलाई उपभोग गर्ने व्यक्ति, करारका शर्तहरू, परमेश्वर र मानिसहरूको बीचमा हुने प्रतिवद्धता, यदि करार पालन गरिएन भने त्यसको नतिजा, र करार पालन गरे हुने फाइदा वा करारको नियत। मलाकी ३:९,१०मा उल्लेख गरिएको दशांश दिने अवधारणामा ती सबै तत्वहरू समावेश भएका छन्। ती पदहरूमा परमेश्वर र सञ्चिता (हिफाजत)गर्नेको बीचमा दशांशद्वारा विशेष करार बाँधिन पुगेको देखाउँदछ। जब हामी त्यस करारमा पस्दछौं तब त्यसबाट प्रतक्ष्यरूपमा भौतिक फाइदाको उपभोग गर्न पुग्दछौं, त्यतिमात्र नभएर पापी हृदय परिवर्तन भएर कस्तो असल बन्न पुगेको रहेछ भन्ने प्रमाण पनि देख्न सक्छौं।

“स्वार्थी र कञ्जुस हृदयले गर्दा परमेश्वरको जे हो सो दिन रोकिराखेको हुन्छ। मानिसहरूसँग परमेश्वरले बिशेष करार बाँध्नुभएको थियो। ख्रीष्टको राज्यको आगमनको बारेमा सुसमाचार सुनाउन चाहिने आर्थिक भाग परमेश्वरले छुट्याउनुभएको छ। यदि त्यस कामको निम्ति छुट्याइएको भाग कसैले नियमितरूपमा दिए उसलाई परमेश्वरले प्रसस्तमात्रामा आशिष दिनुहुनेछ। उहाँले यसरी आशिष दिनुहुनेछ कि त्यस मानिसको राख्ने ठाउँ पनि हुनेछैन। तर यदि मानिसले जानाजानी परमेश्वरलाई दिनुपर्ने कुरालाई आफूमै राख्यो भने उहाँले स्पष्टरूमा भन्नुभएको छ, “तिमीहरू श्रापले श्रापित छौ।"-एलेन जी ह्वाइट, काउन्सिल अभ स्टुवार्डशिप, पृ. ७७बाट रूपान्तरित।

येशूलाई विश्वास गर्छौं भनेर मुखले भन्न त सजिलो होला तर उहाँसँग सम्झौता वा करार बाँधेर जियौं भने त्यसमा जिम्मेवारीहरू पनि हामीले बोक्नुपर्ने हुन्छ। परमेश्वरले हामीसँग गर्नुभएको करार रमाइलोसँग उपभोग त गर्छौं तर प्रायजसो उहाँले दिनुभएको निर्देशन र जिम्मेवारीहरूलाई पालन गर्न हामीलाई नरमाइलो लागेको हुनसक्छ। तैपनि करार भनेको दुई समूहको बीचमा मिलेर बाँधिएको सम्झौता हो, र दशांश दिने जिम्मेवारी त्यस करारको एक भाग हो।

**चिन्तन मनन:**

अ. **हामी परमेश्वरलाई विश्वास गर्छौं भनेर त भन्छौं तर हामीहरूको विश्वासलाई प्रमाणित गर्ने दशांशलाई परमेश्वरलाई नै फर्काउने चलन विश्वासको एक प्रमुख भाग किन हुनगएको हो?**

आ. **“मसँग दशांश दिने क्षमता नै छैन" भन्ने मानिसलाई तपाईंले कसरी सम्झाउनुहुन्छ? पैसा त कमाउँछ तर परमेश्वरलाई दिन्छु भनेर बप्तिस्मा लिएको बेलामा बाँधेको बाचालाई पालन गर्न परिस्थितिले गर्दा असमर्थ मानिसलाई तपाईंले कसरी बुझाउन खोज्नुहुन्छ?**

इ. **दशांशमा कुनै मानिसको अधिकार छैन तर केवल परमेश्वरको मात्र हो किनभने यो पवित्र छ भन्ने विश्वासीहरूलाई महसुस गराउन तपाईं के गर्न सक्नुहुन्छ? तपाईंसँग त्यसको निम्ति के तर्कहरू छन्? त्यो पवित्र भएकै कारणले त्यसलाई परमेश्वरलाई नै फर्काउँदा तपाईंको जीवनलाई यसले कसरी प्रभावित पार्न सक्छ?**

## कथा ७
## बासी खाना खान्न
## बेलिज, सेडी मकेन्जी, ६३

बेलिजमा सुसमाचार कार्यक्रममा सरिक भएपछि आफू बप्तिस्मा लिन तयार भएकोले आफ्नो श्रीमानले के भन्ला भनेर सेडीले चिन्ता गरेकी थिइन्। उनी प्रत्येक रात सुसमाचार कार्यक्रममा सरिक भएकी थिइन् तर उनको श्रीमान मार्कसले उक्त कार्यक्रममा जान अस्वीकार गरेका थिए। उनलाई थाहा थियो कि उनको श्रीमानले उनको बप्तिस्मा लिने निर्णयलाई उनले मान्दैनन् किनकि यदि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा उनले बप्तिस्मा लिइन् भने उनी श्रीमानसँग नाचगानमा भाग लिन सक्दैन, जाँडरक्सी पिउन सक्दैन र पार्टीहरूमा गएर रमाइलो गर्न सक्दैन। सेडीले आफू बप्तिस्मा लिने दुई दिन अघिसम्म आफू बप्तिस्मा लिने खबर श्रीमानलाई भनेकी थिइन। जब जब आफू बप्तिस्मा लिने कुरा गर्न चाहेकी थिइन् तब तब उनको श्रीमान हात फैलाएर ओछ्यानमा पल्टदथे। अनि सेडीले ती हातहरूमा आफ्नो शीर राख्नुपर्दथ्यो। तब एक रात जब आफ्नो श्रीमानको मुख उज्यालो भएको उनले देखिन् तब आफ्नो कुरा राख्न सजिलो भएको थानिन्। मधुरो स्वरले उनले भनिन् “आउने साबथमा म बप्तिस्मा लिँदैछु।" मार्कस तुरन्त आफ्नो हात सेडीको शिरबाट निकालेर रिसले कडकिन थाले, “यदि तिमीले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियौ भने म तिमीलाई छोड्छु।" केही बेर उनी रिसले चर्को चर्को स्वरले कराउँदै सेडीलाई गाली गर्न थाले। एक छिन उनले सुनेर जवाफ दिइन्, “ठीकै छ यदि तपाईंले मलाई छोड्नुहुन्छ भने परमेश्वरले तपाईंबिना मेरो जीवनलाई सम्हाल्नुहुनेछ।" मार्कसलाई अरू केही नभनिकन सुतिन्।

अर्को दिन एडभेन्टिस्ट श्रीमतीले गर्दा आफू कतिको दुःख पाउँछु भनेर मार्कस गनगनाउन थाले। “शनिबार बासी खाना म खान चाहन्न। शुक्रबार पकाएको खाना म खान चाहन्न" उनले भने। “यदि तपाईं बासी खाना खान चाहनुहुन्न भने बासी नहुने खाना तपाईंको निम्ति पकाउनेछु, सेडीले भनिन्। “यदि तिमीले बप्तिस्मा लियौ भने तिमी बेस्सरी चुट्छु" उनले झोक्किएर भने। सेडी डराइन् र सुमाचार प्रचार गर्ने कार्यक्रममा मानिसहरूलाई उनको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। आफ्नो सुरक्षाको निम्ति पनि परमेश्वरसँग सहायता मागिन्।

जब साबथमा बप्तिस्मा लिएर सेडी घर फर्किन् मार्कुस घरमा थिएन। जब श्रीमान घरमा आए तब उनको मुटु थरथर काम्यो। श्रीमानले उनलाई पिट्नेछन् भनेर उनको मनमा निश्चय भएको थियो। तर त्यसको सट्टा उनले सेडीलाई अङ्गालो मारेर भने, “अब तिमी नयाँ स्त्री भयौ। तर जबसम्म जिउँछु तबसम्म म एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि जान्न" आफ्नो अठोट प्रकट गर्दै उनले भने। “यो त तपाईंको निर्णय हो। परमेश्वरले सबैलाई चुन्न स्वतन्त्रता दिनुहुन्छ। तर पछि तपाईंलाई केही भयो भने मलाई दोष नदिनुहोस्। मैले तपाईंलाई कुन बाटो हिंड्नुपर्छ सो देखाइदिएकी छु" सेडीले जवाफ दिइन्। बप्तिस्मा पछि तिनीहरूको दिन सधैं झैं ठीकै थियो तर साबथमा खाना नपाएकोमा मार्कसले गुनासोचाहीँ गर्‍यो। शनिबार सेडीले ताजा खान पकाउन भन्ने उनी चाहन्थे र उनको कुरा नमानेकोले उनी रिसाए। उनको निम्ति पकाएको खाना खान अस्वीकार गरे बरू एडभेन्टिस्ट चर्चको नजिक भएको भट्टीमा उनी खान गए। उनले त्यहाँ रक्सी पनि पिए र जब सेडी चर्चबाट आइन् तब उनी रक्सीको सुरमा अङ्गालो मार्दै घर फर्के।

आफ्नो श्रीमानलाई परमेश्वरको मायाले छुन सकोस भनेर सेडीले प्रार्थना गरिन्। प्रत्येक शुक्रबार उनको निम्ति राम्रो लुगाहरू स्त्रि गर्न थालिन् ताकि उनी पनि चर्चमा जाउन्। अर्को शनिबार सादीले मार्कसलाई चर्च जान अनुरोध गरिन् तर मार्कस चर्च जानुको सट्टा सिनेमा हेर्न गए र भट्टीमा गए। साँझमा उनी घर फर्केको लगत्तै ठूलो भूकम्प गयो। उनी भुईंमा डग्रङ्ग लडे। “हे प्रभु मलाई बचाउनुहोस्। मलाई फेरि अर्को मौका दिनुहोस्" उनी चिच्याए। “जसरी भुकम्प कहिले आउँछ कसैलाई थाहा हुँदैन त्यसरी नै येशू कहिले आउनुहुन्छ त्यो हामीलाई थाहा छैन। तर तपाईं तयार हुनुभएन भने के गर्ने?" सेडीले भनिन्। सधैंको निम्ति घर हल्लेको जस्तो उनलाई लाग्यो र उनी कराउन थाले। उनी रोएको ढोकाबाट एक जना छिमेकीले देखे। जब भूकम्प रोकियो तब उनले भने, “भूकम्प गएकोले म चर्चमा आएँ भनेर म कसैलाई देखाउन चाहन्न।" “अरूले के भन्छ त्यसमा चिन्ता नगर्नुहोस्। मानिसहरूले के भन्ला भनेर डराउने धेरै मानिसहरू स्वर्गमा हुँदैन।" सेडीले भनिन्। अनि उनी पनि अर्को साबथ सेडीसँगै चर्चमा गए।

केही समयपछि उनको गाउँमा सुसमाचार प्रचारको कार्यक्रम भएको थियो र सेडीले आफ्नो श्रीमानलाई उक्त कार्यक्रममा आउन निम्तो दिइन्। तर पहिलो दिन उनी रक्सी खाएर माते। दोस्रो दिन पनि उनको व्यवहार त्यस्तै

थियो। तेस्रो दिनमा सेडीले मार्कसलाई भनिन् “मलाई भन्दा तपाईंले तपाईंको साथीहरूलाई धेरै मनपराउनुहुंदो रहेछ। यदि त्यही तपाईंलाई मनपर्छ भने तिनीहरूसँगै बस्नुहोस्।" उनको कुरा सुनेर उनी झस्के। पछि उनी पनि सुसमाचार कार्यक्रममा भाग लिन थाले र जब प्रचारकले आफ्नो हृदय येशूलाई दिन चाहनुहुन्छ भने अगाडि आउनुहोस् भनेर बोलाउँदा मार्कस पनि गए। आफ्नो श्रीमानले बप्तिस्मा लिनेछन् भन्ने कुरा उनलाई आशा लाग्न थालेको थियो। “जब उनले बप्तिस्मा लिए तब म रोएँ। यस्तो होला भनेर मैले सोचेको पनि थिइन" सेडीले भनिन्। पछि गएर सेडी र मार्कस बेलिज चर्चको अत्यन्त विश्वासिलो र सक्रिय चर्चको अगुवा भए। ६३ वर्षकी सादीले छपल्ट भन्दा पनि बेसी सुसमाचार कार्यक्रमको आयोजना गरिन् जसले गर्दा ५० जना भन्दा बेसिले बप्तिस्मा लिए। उनी र मार्कसको प्रभावले सयौं मानिसहरू चर्चमा आए। अबको भेटीले बेलिजमा नियमित रूपमा सुसमाचार प्रचार गर्ने थलो बनाउन सहयोग मिल्नेछ। त्यसको लागि तपाईंहरूलाई धेरै धन्यवाद।

**<u>बेलिजको बारेमा थप जानकारी:</u> आधा भन्दा बेसि बेलिजका मानिसहरू दुई भाषा बोल्छन् र धेरैले त्यो भन्दा बेसि भाषाहरू बोल्छन्। पेट्रोल र कृषिका उत्पादनहरूद्वारा त्यो देशको आर्थिक अवस्था चलिरहेको छ। चिनी र केराहरू निर्यात गर्दछन्। पर्यटकहरू पनि धेरै आउँदैछन्।**